**लोक सेवा आयोग**

**नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित प्रथम श्रेणी, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## परीक्षा योजना (Examination Scheme)

### १. यस पाठ्यक्रमलाई दुई भागमा विभाजन गरिएको छ ।

| भाग | परीक्षा | विषय | अङ्क भार | प्रश्न संख्या | समय | परीक्षा प्रणाली | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| १ | लिखित | खण्ड (क) सामान्य विषय (सबै समूहका लागि अनिवार्य) | ५० | २५ | ४५ मिनेट | वस्तुगत वहुउत्तर | १०० | ४० |
| | | (खण्ड ख) समूह सम्बन्धी विषय (प्रत्येक समूहका लागि छुट्टाछुट्टै) | ५० | २५ | | | | |
| २ | अन्तर्वार्ता | | | | | | २० | |

२. पाठ्यक्रमको कुनै खण्डमा एकाइ र प्रश्न संख्या छुट्याइएकोमा सोही वमोजिम र यसरी नछुट्याएकोमा यथासम्भव सबै एकाइबाट प्रश्नहरु सोधिनेछन् ।

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनसक्नेछ ।

४. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नहरुको उत्तर सही दिएमा प्रत्येक सही उत्तर बापत २ (दुई) अङ्क प्रदान गरिनेछ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अर्थात् ०.४ अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

५. यस पाठयक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ (तीन) महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्दछ ।

७. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

८. पाठ्यक्रम लागू मिति - २०५८/९/१७

**लोक सेवा आयोग**
**नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित प्रथम श्रेणी, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## खण्ड (क) सामान्य विषय (सबै समूहका लागि अनिवार्य)

**प्रश्नसंख्या :- २५** **अङ्क :- ५०**

१. चालू पञ्चवर्षीय योजनाको अवधारणा, उद्देश्य र प्राथमिकता ।
२. चालू पञ्चवर्षीय योजनामा कृषि विकासको उद्देश्य, नीति र बाली, फलफूल, तरकारी, मत्स्य, पशुपंक्षी आदि क्षेत्रगत विकास कार्यक्रमको प्राथमिकता, लक्ष्य एवं कार्यान्वयन रणनीति ।
३. कृषि तथा पशु विकास कार्यक्रम तर्जुमाका आधार र एकीकृत प्रसारसेवा कार्यक्रम ।
४. कृषि तथा पशु विकास कार्यक्रममा ऋण, उत्पादन सामग्री, कृषि औजार तथा उपकरण, बजार तथा मूल्य व्यवस्था ।
५. कृषि एवं पशु विकासमा सरकारी, सहकारी तथा निजी क्षेत्रको भूमिका ।
६. प्रमुख कृषि/पशुपंक्षी जन्य वस्तुहरुको उत्पादन लागत तथा मूल्य निर्धारण ।
७. नेपालको अर्थतन्त्रमा कृषि/पशु विकासको महत्व ।
८. वर्तमान कृषि र पशुसेवा विभागको संरचना र उपलब्धि ।
९. बढ्दो जनसंख्या वृद्धिदरको परिप्रेक्ष्यमा उत्पादन वृद्धिको लागि अपनाइने उत्पादन र उत्पादनोपरान्त (Post-harvest) प्रविधि ।
१०. कृषि विकासमा कृषि/पशु प्रसारको महत्व ।
११. कृषि/पशु प्रसारका विभिन्न तरीकाहरु तिनको तुलनात्मक फाइदा र सीमितताहरु ।
    (क) व्यक्तिगत तरीका (Individual method)
    (ख) समूहगत तरीका (Group method)
    (ग) सामुदायिक तरीका (Community method)
१२. कृषि/पशु विकासमा समूह पद्धति प्रकृया र कार्यान्वयन, अगुवा कृषक छनौटको आधार भूमिका र परिचालन ।
१३. कृषि/पशु प्रसारमा प्रदर्शन कार्यक्रमको उद्देश्य, सीमितता र प्रभावकारिता ।
१४. कृषि/पशु विकास कार्यक्रम तर्जुमा तथा कार्यानवयनमा जिल्ला प्रोफाइल (District Profile) को महत्व ।
१५. कार्यक्रममा कार्यान्वयन स्तरमा सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकनको भूमिका ।
१६. नेपालको कृषि/पशु सेवा कार्यक्रममा महिला एवं युवाको भूमिका ।
१७. नेपालको कृषि विकास कार्यक्रमका प्रमुख समस्याहरु ।
१८. कृषि/पशु विकासका लागि सञ्चार कार्यक्रमको आवश्यता ।
१९. कृषि/पशु विकासका लागि तालीम कार्यक्रमको भूमिका ।
२०. कृषि विकासमा ग्रामीण पूर्वाधार (सिंचाइ, कृषि सडक आदि) को महत्व ।
२१. दिगो कृषि विकासका सिद्धान्तहरु ।
२२. कृषि/पशु विकास कार्यक्रममा स्थानीय निकायहरुको भूमिका ।

((समाप्त))

**लोक सेवा आयोग**
**नेपाल कृषि सेवा, प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, फिसरिज, एगृ. एक्सटेन्सन, स्वायल साइन्स, एगृ.इको.एण्ड मार्केटिङ्ग, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित प्रथम श्रेणी, प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

## खण्ड (ख) एग्रोनोमी समूह सम्बन्धी विषय

**प्रश्नसंख्या :- २५** **अङ्क :- ५०**

१. कृषिशास्त्र (एगृकल्चर) तथा बाली विज्ञान (एग्रोनोमी) को अंग्रेजीमा परिभाषा । एगृकल्चर तथा एग्रोनोमी शब्दहरुको उत्पति ।
२. नेपालमा कृषिशास्त्र तथा बाली विज्ञानको महत्व ।
३. नेपालमा लगाइने बालीहरुको परागसेचन प्रणाली, ऋतु, मौसम, वैज्ञानिक नामाकरण अन्तर्गत पर्ने परिवार तथा बाली प्रयोग (खाद्यान्न,तेलहन आदि)को आधारमा वर्गीकरण ।
४. नेपालको हावापानी अनुसार गत १० वर्ष अवधिमा सिफारिश गरिएका निम्नलिखित बालीहरुको जात र तिनीहरुको पाक्ने अवधि, सरदर उत्पादन क्षमता, सिफारिश क्षेत्र, मुख्य विशेषता बारे जानकारी । बाली:-धान, मकै, गहुं, जौ, कोदो, उखु, सुर्ती, जुट, कपास, भटमास, मास, मुसुरो, तोरी, सर्स्यौ ।
५. बीउको परिभाषा, उन्नत बीउका पुस्ताहरुको नाम तथा विशेष गुणहरु एवं पुस्ता जनाउने ट्यागको रंग ।
६. असल बीउका गुणहरु, गुणहरु कायम राख्न अपनाउनु पर्ने विधिहरु । नेपालमा अपनाइने बीउको नमूना संकलन तथा बीउ प्रमाणीकरण मेथोडोलोजी बारे सामान्य जानकारी ।
७. धान, मकै, गहुं, जौ, कोदो, उखु, सुर्ती, जुट, कपास, भटमास, मास, मुसुरो, तोरी, सर्स्यौ बालीहरुको उन्नत खेती प्रविधि :
   - (क) बाली लगाउने तथा काट्ने समय र सही समयमा नलगाउँदा व्यहोर्नु पर्ने नोक्सानी बारे जानकारी ।
   - (ख) खनजोतको परिभाषा, तरिका तथा खनजोतको लागि प्रयोग गरिने औजारहरुको नाम तथा काम । शुन्य जोताइ, कम जोताइ बारे सामान्य जानकारी ।
   - (ग) नर्सरी व्याडको व्यवस्था र प्रबन्ध ।
   - (घ) बीउ छर्ने तथा रोप्ने उपायहरु (गहिराइ, दूरी) आदि ।
   - (ङ) माटोको परिभाषा तथा माथि उल्लेखित बालीहरुको लागि उपयुक्त माटोको किसिम । माटोको उर्वराशक्ति कायम राख्ने उपायहरु ।
   - (च) नेपालमा पाइने रासायनिक मलहरुको नाम तथा तिनीहरुमा पाइने खाद्य तत्वको मात्रा । बोटविरुवाहरुलाई चाहिने मुख्य खाद्य तत्वहरुको नाम तथा एल.,पि.,के., वोरन र जिङ्कको काम।
   - (छ) मल प्रयोग गर्ने समय र तरिका ।
   - (ज) माटोको अम्लीय र क्षारियपना सम्बन्धी सामान्य जानकारी तथा सुधारका उपायहरु ।
   - (झ) सिंचाइको परिभाषा, महत्व तथा माथि उल्लिखित बालीहरुको लागि आवश्यक सिंचाइ संख्या, सिंचाइ गर्ने तरिका एवं क्रिटिकल स्टेज बारे जानकारी ।
   - (ञ) माथि उल्लेखित बालीहरुमा आउने झारपातको नाम, असर तथा नियन्त्रण गर्ने तरिका ।
   - (ट) माथि उल्लेखित बालीहरुमा लाग्ने प्रमुख रोगहरुको पहिचान तथा रोकथामका उपायहरु ।
   - (ठ) माथि उल्लेखित बालीहरुमा लाग्ने प्रमुख किराहरुको पहिचान तथा रोकथामका उपायहरु ।
   - (द) पोष्ट हार्भेष्ट (Post harvest) क्षति नियन्त्रण सम्बन्धी सामान्य ज्ञान ।

८. बाली तथ्याङ्क संकलन सम्बन्धी सामान्य जानकारी ।

९. नेपालको विभिन्न क्षेत्रमा प्रचलित बालीचक्र सम्बन्धी परिभाषा, महत्व, उदाहरण, संकेत चिन्ह ।

१०. बाली सघनता र बाली प्रणाली सम्बन्धी सामान्य ज्ञान ।

((समाप्त))